# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर-राजदूत शिष्टाचार भेट

गभर्नर डा. युवराज खतिवडासँग नेपालका लागि अष्ट्रेलियाका राजदूत Mr. Gleann White ले यही साउन ७ गते बैंकको केन्द्रीय कार्यालयमा शिष्टाचार भेट गर्नु भयो ।



भेटका अवसरमा गभर्नर खतिवडाले राजदूत White लाई स्वागत गर्नुका साथै अष्ट्रेलिया सरकारको तर्फबाट नेपाललाई विकास साझेदारका रूपमा गरेको योगदानको प्रशंसा गर्नु भयो ।

त्यस्तै पछिल्ला वर्षहरूमा अष्ट्रेलिया सरकार र Australian Transaction Reports & Analysis Centre (AUSRAC) का तर्फबाट सम्पत्ति शुद्धिकरण निवारण तथा आतङ्कबादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण (AML/CFT) जस्ता विषयमा पुऱ्याएको सहयोगको सह्राहना गर्नुभयो ।

त्यस अवसरमा आगामी दिनहरूमा मानव संशाधनको क्षमता विकासमा समेत निरन्तर प्राविधिक सहयोग प्राप्त भइरहने अपेक्षा समेत व्यक्त गर्नु भएको थियो ।

**गभर्नरको कार्यालय**

मिति २०७० साउन ७ गते, सोमबार